सङ्घीय संसद

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

# पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ सम्बन्धी प्रतिवेदन

सङ्घीय संसद

राष्ट्रिय सभा

सिंहदरवार, काठमाडौं ।

राष्ट्रिय संसद

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभामा उत्पत्ति भई कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित पारित भई राष्ट्रिय सभामा सन्देश सहित प्राप्त

## पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ सम्बन्धी प्रतिवेदन

१. पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ (यसपछि "विधेयक" भनिएको) को शीर्षकमा रहेका "पशु सेवा" भन्ने शब्दहरूपछि "व्यवसायी" भन्ने शब्द थप्ने।

२. विधेयकको प्रस्तावनाको शुरुमा "प्रचलित कानून वमोजिम स्थापित नेपाल पशु चिकित्सा परिषद्‌मा नाम दर्ता भएका र दर्ता हुन योग्य पशु चिकित्सक वाहेकका" भन्ने शब्दहरू थप्ने।

३. विधेयकको दफा १ को,-

(१) उपदफा (१) मा रहेका "पशु सेवा" भन्ने शब्दहरूपछि "व्यवसायी" भन्ने शब्द थप्ने।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:-

"(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।"

४. विधेयकको दफा २ को खण्ड (ज) मा रहेका "पशु सेवा परिषद्" भन्ने शब्दहरूको सट्टा "पशु सेवा व्यवसायी परिषद्" भन्ने शब्दहरू राख्ने।

५. विधेयकको दफा ३ को उपदफा (१) को शुरुमा मा "प्रचलित कानून वमोजिमको नेपाल पशु चिकित्सा परिषद्‌मा नाम दर्ता भएका र दर्ता हुन योग्य पशु चिकित्सक वाहेकका" भन्ने शब्दहरू थपी सोही उपदफामा रहेका "पशु सेवा परिषद्‌को" भन्ने शब्दहरूको सट्टा "पशु सेवा व्यवसायी परिषद्‌को" भन्ने शब्दहरू राख्ने।

६. विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने:-

"४. परिषद् स्वशासित र सङ्गठित संस्था हुने: (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ र कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) परिषद्‌ले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून वमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।"

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति २०७५

७. विधेयकको दफा ५ को,-

(१) उपदफा (१) को खण्ड (च) मा रहेका "विश्वविद्यालय एवं अध्ययन संस्थानहरूमध्येवाट" भन्ने शब्दहरूको सट्टा "विश्वविद्यालय वा अध्ययन संस्थानमध्येवाट र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्वाट" भन्ने शब्दहरू राखे।

(२) उपदफा (४) मा रहेको "सकिनेछ" भन्ने शब्दको सट्टा "सक्नेछ" भन्ने शब्द राखे।

(३) प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा ५ ले थपेको उपदफा (७) मा रहेका "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू झिक्ने।

(४) साविक उपदफा (७) कायम हुने उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थप्ने:-

"(९) उपदफा (१) वमोजिमका सदस्य मनोनीत वा निर्वाचित गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(१०) उपदफा (१) वमोजिम परिषद्मा सदस्य निर्वाचन वा मनोनयन गर्दा पशु सेवा तथा पशु स्वास्थ्यसँग सम्वन्धित सबै क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गराउनको लागि आलो-पालो गरी गर्नु पर्नेछ।"

८. विधेयकको दफा ६ को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखे:-

"(ङ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले परिषद्मा रही सेवा गर्न असमर्थ भएको,"

(२) खण्ड (च) को प्रारम्भमा "प्रचलित कानून वमोजिम" भन्ने शब्दहरू थप्ने।

९. प्रतिवेदनको बुँदा ६ ले विधेयकको दफा ८ को सट्टा राखेको दफा ८ को खण्ड (ग) मा रहेका "लागू गर्ने" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयवाट स्वीकृत गराई लागू गर्ने" भन्ने शब्दहरू राखे।

१०. विधेयकको दफा १० को खण्ड (घ) मा रहेका "तोकिए वमोजिमको" भन्ने शब्दहरूको सट्टा "आवश्यक" भन्ने शब्द राखे।

११. विधेयकको साबिक दफा ११ प्रतिवेदन अनुसार कायम हुने दफा १२ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति

"तर प्रचलित कानून बमोजिम नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका पशु चिकित्सकका हकमा यस ऐन बमोजिम नाम दर्ता गराउनु पर्ने छैन।"

१२. विधेयकको साबिक दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ को उपदफा (१) को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखेः-

"(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रूपमा काम गर्न असमर्थ भएको।"

(२) खण्ड (ङ) झिक्ने।

१३. विधेयकको साबिक दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ मा रहेका "दर्ता श्रेणीको आधारमा" भन्ने शब्दहरूको सट्टा "शैक्षिक योग्यता र तालिमको आधारमा" भन्ने शब्दहरू राखे।

१४. विधेयकको साबिक दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा १९ को उपदफा (१) मा रहेका "नाम दर्ता गराउनु अघि" भन्ने शब्दहरूपछि "नाम दर्ता गराउने निकायले" भन्ने शब्दहरू थप्ने।

१५. विधेयकको साबिक दफा १९ दफाक्रम मिलाउँदा हुने दफा २० मा प्रतिवेदनको बुँदा १६ को,-

(१) उपबुँदा (१) ले गरेको संशोधनमा रहेका "प्रदेश कानूनले तोकेको" भन्ने शब्दहरूपछि "निकायले" भन्ने शब्द थप्ने।

(२) उपबुँदा (२) ले थपेको उपदफा (४) मा रहेको "व्यवसायीलाई" भन्ने शब्दपछि "सीप परीक्षण गराई सफल भएमा" भन्ने शब्दहरू थप्ने।

१६. विधेयकको साबिक दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपी त्यसपछिका उपदफाक्रम मिलाउनेः-

"(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नेपाल पशु चिकित्सा परिषद्मा दर्ता हुने शैक्षिक योग्यता प्रदान गर्ने शिक्षण संस्थाहरूको पाठ्यक्रम, भर्नाका शर्तहरू तथा परीक्षा प्रणाली सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गरी त्यस्ता संस्थाहरूले प्रदान गर्ने उपाधि तथा प्रमाणपत्र सम्वन्धी विषय सोही कानून बमोजिम हुनेछ।"

१७. विधेयकको साबिक दफा २२ प्रतिवेदन अनुसार दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को,-

(१) दफाशीर्षकमा रहेका "विवरण माग" भन्ने शब्दहरूको सट्टा "मूल्याङ्कन" भन्ने शब्द राखे।

(२) उपदफा (२) मा रहेका "समय-समयमा" भन्ने शब्दहरूको सट्टा "आवश्यकता अनुसार" भन्ने शब्दहरू राखे।

१८. विधेयकको साबिक दफा २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २६ को ठाउँ-ठाउँमा रहेका "निरीक्षण" र "निरीक्षक" भन्ने शब्दहरूको सट्टा क्रमशः "पर्यवेक्षण" र "पर्यवेक्षक" भन्ने शब्दहरू राखे।

१९. विधेयकको साबिक दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २९ को उपदफा (५) झिक्ने।

२०. विधेयकको साबिक दफा ३४ दफाक्रम मिलाउँदा कायम हुने दफा ३६ को उपदफा (१) मा रहेका "परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेमा" भन्ने शब्दहरूको सट्टा "परिषद्ले पालना गर्नु पर्ने कर्तव्य पालना नगरेमा" भन्ने शब्दहरू राखे।

२१. विधेयकको साबिक दफा ३८ दफाक्रम मिलाउँदा कायम हुने दफा ४० पछि देहायको दफा ४१ थपी त्यसपछिका दफाक्रम मिलाउने:-

"४१. <u>ऐन कार्यान्वयन मापन</u>: यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्वन्धित समितिमा पेश गर्नु पर्नेछ।"

२२. विधेयकको साबिक दफा ४१ दफाक्रम मिलाँउदा कायम हुने दफा ४४ को दफाशीर्षकमा रहेको "वनाउने" भन्ने शब्दको सट्टा "वनाउन सक्ने" भन्ने शब्दहरू राखे।

२३. विधेयकको साबिक दफा ४२ दफाक्रम मिलाउँदा कायम हुने दफा ४५ मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "नेपाल सरकारले" भन्ने शब्दहरू राखे।

२४. विधेयकको अनुसूचीको,-

(१) खण्ड (ख) मा रहेका "एस.एल.सी." भन्ने शब्दहरूको सट्टा "एस.ई.ई. वा सो सरह" भन्ने शब्दहरू राखे।

(२) खण्ड (घ) मा रहेको "व्यवसायिक" भन्ने शब्दको सट्टा "व्यावसायिक" भन्ने शब्द राख्ने।

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नेः-

"(च) पशुविज्ञान वा मत्स्य विज्ञान विषयमा स्नातक वा सो सरह वा सम्वन्धित विषयमा स्नातकोत्तर तह वा विद्यावारिधि उत्तीर्ण गरेको।"

(मनोज कुमार गिरी)
सचिव

(डा. वेदुराम भुसाल)
सभापति

मिति २०७९।०५।२८